# मिथिला बिहारी नगरपालिका
# Mithila Bihari Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

तारापट्टी, धनुषा (Tarapatti, Dhanusha)
मधेश प्रदेश, नेपाल (Madhesh Province , Nepal)

प. सं. (Ref. No.): २०८२/०८३
च. नं. (Desp. No.): ३१११

मिति(Date) : २०८३/०२/२५

**विषय : भुक्तानी सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु सबै,
श्री सरोकारवाला सबै,
मिथिला बिहारी नगरपालिका, धनुषा ।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० बमोजिम सबै प्रकारका भुक्तानीहरु आर्थिक वर्ष समाप्त हुनु भन्दा एक हप्ता अगावै भुक्तानी लिई नियमानुसार खर्च अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्ने व्यवस्था रहेको हुँदा सोही व्यवस्था बमोजिम मिति २०८३/०२/२२ गतेको कार्यपालिका बैठकको निर्णयानुसार यस कार्यालयबाट आ.व. २०८२/०८३ मा संचालित विभिन्न विकास निर्माण, सेवा खरिद, आपूर्ति तथा परामर्श सम्बन्धी कार्यहरु सम्पन्न गरी सक्नु भएका सम्पूर्ण सरोकारवालाहरुमा जानकारीका लागि यो सूचना जारी गरिएको छ । आर्थिक वर्षको अन्तयमा हुने चाप र प्राविधिक कठिनाईलाई मध्यनजर गर्दै नियमानुसार पाउनु पर्ने भुक्तानी प्रक्रियालाई सरल र समयमै सम्पन्न गर्नका लागि मिति २०८३/०३/१० गते भित्र अनिवार्य रुपमा लेखा शाखामा श्रेस्ता पेश गर्नु पर्ने र मिति २०८३/०३/१५ गते भित्र भुक्तानी लिई सक्नुपर्ने छ । यदी उक्त समयावधि भित्र फाईल पेश नभई भुक्तानी रोकिन गएमा वा कुनै प्राविधिक समस्या उत्पन्न भएमा, त्यसको पूर्ण जिम्मेवारी सम्बन्धित आपूर्तिकर्ता, परामर्शदाता, उपभोक्ता समिति, निर्माण व्यवसायी तथा सरोकारवाला सबै स्वयम जिम्मेवार हुनेछ र कार्यालय यसमा जवाफदेही रहने छैन । समयमै आर्थिक अनुसाशन कायम राख्न र भुक्तानी कार्यलाई व्यवस्थित बनाउन यहाँहरुको पूर्ण सहयोगको अपेक्षा गरिएको छ ।

सुभाष कुमार झा
आर्थिक प्रशासन शाखा प्रमुख

उपेन्द्र न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
श्री नगर प्रमुख ज्यू, मि. बि. न. पा. धनुषा ।
श्री नगर उप प्रमुख ज्यू, मि. बि. न. पा. धनुषा ।

"कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्यमा सुधार; समावेशी सूचना प्रविधिले समृद्धिको आधार"

**E-mail:** info@mithilabiharimun.gov.np **Website:** www.mithilabiharimun.gov.np

Scanned with CamScanner